ༀ། །སོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།
सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

मिति – २०८१/०४/२३

सूचना ! सूचना !! सूचना !!!

विषय – गाईगोरुहरुमा लाग्ने साउने ज्वरो(Ephemeral fever Disease) सम्वन्धमा।

यस सोलुदुधकुण्ड नगरपालिकां भित्र विशेष गरि गर्मी र वर्षायाममा विषाणुका कारणले गाई गोरुहरुमा सङ्क्रमक साउने ज्वरो देखा परिरहेको हुनाले सम्पुर्ण पशुपालक कृषकहरुले सजकता अपनाउनुहुन जानकारीको लागि अनुरोध गरिन्छ।

गाई गोरुहरुमा लाग्ने साउने ज्वरो रोगका लक्षणहरु:

१.भुँडी ढाडिने।
२.उच्च ज्वरो आउने (१०५-१०७ डिग्री फरेनहाईट)।
३.सिगान बग्ने र झोक्राउने ।
४.घाँसपात क्रमशः कम खादै जाने।
५.दुध उत्पादन घट्ने।
६.पशुलाई तीन दिन सम्म निकै असर गर्ने हुन्छ।

रोग सर्ने मुख्य माध्यमहरु:

१.झिंगा र लामखुट्टेहरुको टोकाईबाट यो रोग सर्दछ।

उपचार तथा रोकथामको उपायहरु:

१.यो विषाणुवाट लाग्ने रोग भएकोले यसको ठोस उपचार छैन,प्राविधिक सल्लाहमा लक्षण अनुसारको उपचार गर्नै।
२.संक्रमित पशुहरुलाई छुट्टै गोठमा राख्ने तथा अन्य पशुहरुको सम्पर्कमा नल्याउने।
३.गोठमा झिंगा लामखुट्टे लाग्न नदिन गोठमा र गोठ वरिपरि फिनेल पानीले स्प्रे गर्ने।

माथि उल्लेखित मिल्दो जुल्दो लक्षणहरु देखिएमा कृषकहरुले यस नगरपालिकाको पशु सेवा शाखामा रोकथामको लागि सम्पर्क गर्नुहुन र नि.शुल्क औषधि लिन आउनुहुन जानकारी गराईन्छ।

तपशिल: गणेश थापा – ९८६२९९६०६१, निरुता चापागाई - ९८६९३४७०४०

२०८१/०४/२३

राम कुमार खड्का
नि.प्रमुख प्रशासकीय अधिकृत

रामकुमार खड्का
नि. प्रमुख प्रशासकीय अधिकृत

Ph. No- 038-520264 Fax No- 038-520248 Website- www.solududhkundamun.gov.np
Email- solududhkundamun@gmail.com